# स्वच्छ निर्वाचनका लागि नागरिक अभियान
## Citizen's Campaign for Clean Election (CCCE)

बहिर्गमित पूर्व लडाकु नेपाल
सामुदायिक रेडियो प्रशारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति : २०७४ जेठ २६ गते

**प्रेस विज्ञप्ति**

विषय : राजपालगायतका दलहरूको माग सम्बोधनको विश्वसनीय प्रक्रियाको थालनी गरियोस् ।

दोस्रो चरणको स्थानीय निर्वाचन हेतु उम्मेदवारी मनोनयन सहज बनाउन संसद्द्वारा २०७४ जेठ २५ गतेको सर्वसम्मत निर्णयको हामी स्वागत गर्दछौं । कानूनबमोजिम अब दल दर्ता गर्ने र दलगत निर्वाचन चिन्ह प्राप्त गर्ने बाटो खुलेको छ । आवधिक निर्वाचन लोकतन्त्रको प्राण हो, जसले चेतना र नेतृत्वको विकास गर्छ । लोकतन्त्रको सबलीकरणमा विश्वास राख्ने राजनीतिक दलहरूबीचको विद्यमान द्वन्द्वले मुलुक र जनताको हित गर्दैन ।

हामी तत्कालै निम्न विषयमा ध्यान केन्द्रित गरी राजपालगायतका दलहरूको निर्वाचनमा सहभागिता सुनिश्चत गर्न आग्रह गर्दछौं ।

- राजपाले एकीकृत दल दर्ता गर्ने, निर्वाचन चिन्ह लिने र निर्वाचनमा भाग लिने ।
- विवादित विषयमा सबै राजनीतिक दल र आवश्यकताअनुसार विज्ञसमेतको सहभागितामा पारदर्शी र जवाफदेही वार्ताको समयबद्ध कार्य योजना बनाउने ।
- सहमति भइसकेका विषयहरूको कार्यान्वयनको भरपर्दो सिलसिलाको सुरुवात गर्ने ।

लोकतान्त्रिक विधिद्वारा उल्लेखित विषयहरूको निरुपणका लागि नेपाल सरकार र प्रमुख प्रतिपक्षसमेत सबैको तत्काल वचनवद्धता जारी गरियोस् । उक्त प्रतिवद्धतालाई संसदको औपचारिक विषयमा प्रवेश गराइयोस् ।

आमजनताका लागि आफ्ना दैनिक जीवनमा प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारको निर्वाचन महत्वपूर्ण विषय हो । राजनीतिक दलहरूका लागि निर्वाचन जनताद्वारा अनुमोदित र परीक्षित हुने अवसर हो । यसर्थ कुनै पनि हालतमा तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्ने र विवादित विषयहरूलाई गणितीय आधारमा मात्र होइन कि लोकतान्त्रिक मूल्य मान्यतामा इमान्दार भएर मधेसी जनतालाई पनि साथमा लिएर समाधान गर्ने साझा दायित्वप्रति सजग रहन सरकारमा रहेका र प्रमुख प्रतिपक्षलगायत सबै दलहरूलाई विनम्र अपिल गर्दछौं ।

हामीलाई विश्वास छ कि दलहरूले नयाँ युगमा पदार्पण गर्ने जनताको उत्कट अभिलाषालाई कदर गर्ने छन् । साथै, आपसी सहकार्य गर्दै तोकिएकै मितिमा सम्पूर्ण चुनावहरू सम्पन्न गरी जनमतको सम्मान गर्न तत्पर रहनेछन् ।

ध्यानाकर्षणका लागि:
१. सम्माननीय श्री शेरबहादुर देउवा, प्रधानमन्त्री, नेपाल सरकार
२. माननीय केपी शर्मा ओली, संसदीय दलका नेता, प्रमुख प्रतिपक्षी दल, नेकपा (एमाले)
३. माननीय डा. अयोधीप्रसाद यादव, प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयोग
४. श्री महन्थ ठाकुर, अध्यक्ष, राजपा

इन्द्रप्रसाद अर्याल
अध्यक्ष
नेपाल मानव अधिकार सङ्गठन

सुबोधराज प्याकुरेल
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**Secretariat**
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org